महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..................................... शाखा)
प्रशासन

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :- १८८

मिति :- २०७७/०४/२५

बिषय :- परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री बिशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७७।०४।१८ मा बसेको समन्वय समितिको बैठकबाट देहाय बमोजिमको निर्देशन दिने भन्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध छ।

देहाय

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) ले सर्वसाधारणको ठगी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुबैले मिलापत्र गराई पाउँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारवाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ भन्ने व्यवस्था गरेको छ। सो व्यवस्था बमोजिम यस प्रकृतिका मुद्दाका प्रतिवादी र पीडित दुबै पक्षले मुद्दाको अनुसन्धानको क्रममा आफुहरु मिलेको भनी मुद्दा मिलापत्रका लागि अनुसन्धान अधिकृत समक्ष वा सरकारी वकील समक्ष दरखास्त गरेमा सो दरखास्तको व्यहोरा यकीन गरी मजवुन सम्झाई व्यहोरा सनाखत समेत गरेको अवस्थामा त्यस प्रकृतिका मुद्दा चलाउन मुद्दाको कारवाही प्रकृया, स्रोत साधनको लगानी तथा औचित्यताका आधारमा उपयुक्त देखिदैन। उल्लिखित अवस्था विद्यमान भएका मुद्दामा अनुसन्धान अधिकृतबाट मुद्दा चलाउने राय सहित सरकारी वकील समक्ष पेश गर्ने गरेको देखिंदा उल्लिखित कानूनी व्यवस्थाको प्रयोजन तथा औचित्यताका आधारमा सर्वसाधारणको ठगी सम्बन्धी मुद्दा नचलाउने गरी राय पेश गर्न उपयुक्त हुने हुँदा सो बमोजिम गर्न गराउन ।

२. प्र.ना.नि. इन्द्रदेव यादव समेतको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी पुरुषोत्तम चौधरी समेत जना ३ भएको लागू औषध मुद्दामा जिल्ला प्रहरी कार्यालय उदयपुरमा मिति २०७६।०५।१८ गते प्रतिवेदन पेश हुँदा प्रतिवादी पुरुषोत्तम चौधरी, हरि अधिकारी र विवेक राईलाई गाडीबाट उतारी प्रतिवादी मध्ये पुरुषोत्तम चौधरीको शरीर खानतलासी गर्दा निजको साथबाट डाइजेलाव/फेनारगन/लुप्रिजेसिक क्रमशः३/३/३ एम्पुल बरामद भई तिनै जनालाई कारबाहीका लागि प्रतिवेदन सहित पेश भएकोमा सो मुद्दामा अनुसन्धान भई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) बमोजिमको कसूरमा सोही ऐनको दफा १४ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय हुन मागदावी लिई अभियोग पत्र पेश भएको देखिन्छ। प्रतिवेदक मध्ये प्रहरी नायब निरीक्षक इन्द्रदेव यादवले बा. ३ ख. ८४६९ नं. को हायस गाडी चेक जाँच गर्ने क्रममा सहचालक पुरुषोत्तम चौधरीको साथबाट लुप्रिजेसिक/फेनारगन/लेबुलरेट क्रमशः ३/३/३ गरी जम्मा ९ नौ थान एम्पुल फेला पारी निजलाई नियन्त्रणमा लिई निज समेतलाई बाइकमा राखी मोतिगडामा

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.................................... शाखा)
प्रशासन

पत्र संख्या :- ०७७/०७८
चलानी नं. :- १८८

रामशाहपथ, काठमाडौं

मिति :-..............................

रहेका सो लागू औषध खरिद गर्न रकम दिने अन्य प्रतिवादीहरु विवेक चाम्लिङ राई र हरिकुमार अधिकारी समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाही अगाडी बढाएको भन्ने बकपत्रमा उल्लेख भएको देखिन्छ। सो आधारमा प्रतिवादी पुरुषोत्तम चौधरीलाई कसूर ठहर भई एक महिना कैद हुने र अन्य प्रतिवादीले सफाई पाउने गरी उदयपुर जिल्ला अदालतबाट मिति २०७६।०९।२० गते फैसला भएको देखिन्छ। अनुसन्धानको समयमा संकलित हुन आएका प्रमाण कागजातको व्यहोरा अदालतमा बकपत्रद्वारा सनाखत नभएसम्म प्रमाणयोग्य हुदैन। अनुसन्धानमा संकलित कागज व्यहोराको प्रतिकूल हुने गरी वा फरक पारी बकपत्र गरेमा सो कागज व्यहोरा समेत प्रमाणयोग्य मानिदैन। फैसला हुँदा बकपत्र व्यहोरालाई नै प्रमाणको रुपमा ग्रहण गरिने हुँदा वादी नेपाल सरकारको अनुसन्धान र अभियोजनमा समेत सफलता मिल्ने अवस्था न्यून हुन्छ । तसर्थ प्रस्तुत मुद्दामा प्रतिवेदन व्यहोरा फरक पारी बकपत्र गर्ने सम्बन्धित प्रहरी कर्मचारीलाई ध्यानाकर्षण गराउने र अब उप्रान्त प्रहरी प्रतिवेदनबाट उठान भएका तथा प्रहरीको अनुसन्धान प्रतिवेदन समावेश भएका मुद्दाहरुमा अदालत तथा सम्बन्धित निकायमा बकपत्र गर्दा पूर्व प्रतिवेदनको व्यहोरासँग नवाझिने गरी बकपत्र गर्न गराउन ।

२०७७।४।२५
(गजराज घिमिरे)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np